आज मिति २०८२ साल माघ महिनाको २७ गतेका दिन निस्दी गाउँपालिका गाउँ कार्यपलिकाको १०२ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु
२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ
३. सदस्य श्री यम बहादुर राना
४. सदस्य श्री फत्ते सिं दर्लामी
५. सदस्य श्री नविन्द्र थापा सोती
६. सदस्य श्री सन्तविर सुनारी
७. सदस्य श्री दुर्गा बहादुर सोमै
८. सदस्य श्री मेख बहादुर सुनारी
९. सदस्य श्री मुक्त बहादुर पाटा
१०. सदस्य श्री हेम कुमारी सुनारी
११. सदस्य श्री देवीसरा सोमै
१२. सदस्य श्री मिम्श्री बयम्बु
१३. सदस्य श्री खुमीसरा पुलामी
१४. सदस्य श्री रिकलाल कामी
१५. सदस्य श्री खुम बहादुर वि.क.
१६. सदस्य सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

का.स.श्री शोभा कुमारी फाल

मिति २०८२।१०।२७ गते बसेको निस्दी गाउँपालिकाको १०२ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,समपुरक र विशेष अनुदान सम्बन्धमा ।

३,अनुगमन तथा मूल्यांकन कार्यविधि,२०८२ पारित सम्बन्धमा ।

४,अर्ध वार्षिक समिक्षा सम्बन्धमा ।

५,विविध ।

मिति २०८२।१०।२७ गते बसेको निस्दी गाउँपालिकाको १०२ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो ।

२.सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक वर्ष २०८३।०८४ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी राष्ट्रिय योजना आयोगको सूचना बमोजिम यस निस्दी गाउँपालिकाको लागि समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन )कार्यविधि,२०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन ) कार्यविधि,२०८२मा भएको व्यवस्था बमोजिम देहाय अनुसारको सङ्घीय समपूरक र विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**समपूरक अनुदान तर्फ :-**

| प्रस्तावित आयोजना | अनुमानित रकम |
|---|---|
| केम खाम्चा मार्ग | ५ करोड |

**विशेष अनुदान तर्फ :-**

| प्रस्तावित आयोजना/कार्यक्रम | अनुमानित रकम |
|---|---|
| महिला व्यावसायिक कृषि तथा पशु विकास कार्यक्रम | ३ करोड |
| खानेपानी तथा सरसफाई कार्यक्रम | २ करोड ८० लाख |
| विद्यालय छात्रावास व्यवस्थापन | २ करोड ५० लाख |

३.यस निस्दी गाउँपालिका अन्तर्गत कार्यान्वयन हुने विभिन्न आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्न अनुगमन तथा मूल्यांकन कार्यविधि,२०८२ पारित गरी सोही आधारमा देहाय बमोजिमको देहाय अनुसारको गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक- उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ
सदस्य — प्र.प्र.अ. श्री पूर्ण बहादुर चितौरे
सदस्य — सम्बन्धित वडाका वडा अध्यक्ष
सदस्य — कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी
सदस्य — पूर्वाधार विकास शाखा प्रमुख श्री संजय खनाल
सदस्य सचिव — योजना शाखा प्रमुख श्री अकलेश्वर नाथ चौधरी

४. यस आ.व.२०८२।०८३ को अघिल्लो ६ महिनाको प्रगति विवरण सहितको अर्धवार्षिक समिक्षा आगामी कार्यपालिका बैठकमा गरिने सर्वसम्मत निर्णय गरियो ।

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

मुक्त बहादुर सारु
अध्यक्ष